## आर्थिक वर्ष २०८२/०८३ को

## नीति तथा प्रमुख कार्यक्रम र बजेटको कार्ययोजना कार्यान्वयनको

# २०८२ असोज महिनासम्मको प्रगति

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

वाक्यविश्लेषण

१. **क्रियाकलाप-** कुनै विशेष उद्देश्य वा लक्ष्य प्राप्त गर्नका लागि गरिने मुख्य कामको गतिविधि

२. **माइलस्टोन-**कुनै क्रियाकलाप प्राप्तिको क्रममा निश्चित समयसीमाभित्र पुग्नु पर्ने लक्ष्य निर्धारण सहितको महत्त्वपूर्ण मापनयोग्य प्रगति वा उपलब्धि जनाउने बिन्दु।

३. **असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने क्रियाकलाप/माइलस्टोन** - असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका क्रियाकलाप/माइलस्टोन।

४. **असोज महिनासम्ममा सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोन-** साउन महिनादेखि असोज महिनासम्ममा सुरु भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछिल्ला महिनाहरूमा सम्पन्न हुनेगरी निर्धारण गरिएका माइलस्टोन।

५. **लक्ष्य प्राप्त भएका-** तोकिएको महिनामा सुरु भई निर्धारित लक्ष्य प्राप्त भइसकेका चालु अवस्थाका माइलस्टोन।

६. **लक्ष्य प्राप्त नभएका-** तोकिएको महिनामा सुरु भई निर्धारित लक्ष्य प्राप्त हुन नसकेका चालु अवस्थाका माइलस्टोन।

७. **सुरु नभएका-** तोकिएको समयभित्र सम्पन्न हुनुपर्ने वा निश्चित लक्ष्यसहित सुरु हुनुपर्नेमा सुरु हुन नसकेका क्रियाकलाप/माइलस्टोन।

# विषयसूची

*वाक्य विश्लेषण*


१. पृष्ठभूमि ........ १

२. कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति ........ ४

३. राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति ........ १३

३.१ राजस्व सङ्कलनको प्रगति स्थिति ........ १३

३.२ खर्चसम्बन्धी प्रगति स्थिति ........ १४

४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति ........ १६

४.१ क्रियाकलापको प्रगति स्थिति ........ १६

४.२ माइलस्टोनको प्रगति स्थिति ........ १७

५. क्षेत्रगत प्रगति स्थिति ........ २०

५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति ........ २०

५.२ पूर्वाधार क्षेत्रको प्रगति स्थिति ........ २४

५.३ शासकीय सुधार क्षेत्रको प्रगति स्थिति ........ २७

५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति ........ ३२

६. मन्त्रालय/ निकायगत माइलस्टोनको असोज महिनाको प्रगति ........ ३६

७. समस्या र कारणहरूको विश्लेषण ........ ३९

८. सुझावहरू ........ ४३


नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्वन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, उक्त क्रियाकलापसँग सम्वन्धित प्रक्रियागत तथा नतिजासमेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात् मन्त्रालय/निकायहरूले आवधिक रूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनलाइन अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिक रूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिल गर्न सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदनसमेतलाई एउटै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन समेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुबै सदनको संयुक्त बैठकलाई संवत् २०८२ साल वैशाख १९ गते गर्नु भएको नीति तथा कार्यक्रमको सम्बोधन तथा माननीय अर्थमन्त्रीज्यूबाट सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८२/८३ को बार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल ट्रष्टको कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको महान्यायाधिवक्ताको कार्यालय र महालेखा नियन्त्रकको कार्यालय गरी ३० वटा मन्त्रालय/निकायहरूको ७०३ क्रियाकलाप र १,०८८ माइलस्टोनका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालय र लगानी बोर्डको कार्यालय, नेपाल ट्रष्टको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालयसमेतका ३९२ वटा नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो।

एकीकृत अनलाइन अनुगमन प्रणालीबाट अनुगमन गर्ने प्रयोजनका लागि माइलस्टोन तयार गर्दा मन्त्रालय स्वयम्ले स्वीकृत गरी लागु गर्ने निर्देशिका, कार्यविधि, मार्गदर्शन संशोधन र स्वीकृत,

लागत अनुमान तयार, बोलपत्र आह्वान बाहेकका सूचना प्रकाशन, कुनै कार्य गर्न कार्यदल/समिति गठन, ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, अध्ययन प्रतिवेदन आदिका मस्यौदा तयार, मन्त्रालयस्तरीय समीक्षा, कार्यशाला, सेमिनार, गोष्ठी, तालिम प्रदान गर्ने मुख्य कार्यक्षेत्र भएका निकायहरू बाहेक अन्य निकायहरूले प्रदान गर्ने कर्मचारीको क्षमता अभिवृद्धि तालिम, कर्मचारी प्रशासनसम्बन्धी कार्य, वैदेशिक सहायता प्रतिबद्धता प्राप्त नभएका एवम् स्रोत सुनिश्चितता प्राप्त नभएका जस्ता कार्यहरूलाई माइलस्टोनमा समावेश नगरी प्रक्रियागतभन्दा नतिजामूलक माइलस्टोनलाई प्राथमिकतामा राखिएको थियो। आर्थिक वर्ष २०८१/८२ को कार्ययोजनामा कुल क्रियाकलाप ९९६ र माइलस्टोन १,९०० रहेकोमा सम्पादन गर्नुपर्ने कार्यको प्राथमिकता र नतिजासमेतलाई मध्यनजर गरी प्रक्रियागत रूपमा रहेका माइलस्टोनलाई हटाइएको र नतिजामा बढी केन्द्रित भएको हुँदा चालु आर्थिक वर्षमा क्रियाकलाप र माइलस्टोनको संख्या कम देखिएका छन्।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापलाई आबद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागु गर्ने क्रममा आ.व. २०८२/८३ को वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आबद्ध गर्ने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानुन संशोधन, आयोजना तथा क्रियाकलाप सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौताजस्ता माइलस्टोनको समय साधारणतः प्रथम त्रैमासिक अवधि निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरूबीच मिति २०८२/०४/२९ मा कार्यसम्पादन सम्झौतासमेत भएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति एवम् चालु आर्थिक वर्षको असोज महिनासम्मको बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएका, नेपाल राष्ट्र बैंक र महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणमा आधारित छन्।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०६/०५ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत रहेका राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालयमातहत र राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमातहत रहने भनी निर्णय भएको हुँदा उक्त विभागहरूको वार्षिक कार्ययोजना र कार्य सम्पादन सूचकहरूलाई चालु आर्थिक वर्षको असोज महिनादेखि सम्बन्धित मन्त्रालयमातहत राखिएको छ।

एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि तर्जुमा गरिएको मन्त्रालय/निकायहरूको कार्ययोजना कार्यान्वयनको प्रगति अवस्थालाई विश्लेषण गर्न मन्त्रालय तथा निकायहरूलाई कार्यप्रकृतिका आधारमा ४ वटा प्रमुख क्षेत्रमा विभाजन गरिएको छ। प्रमुख क्षेत्र र ती क्षेत्र अन्तर्गत रहने मन्त्रालय/निकायहरू देहायअनुसार छन्।

क. **आर्थिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय गरी ६ वटा मन्त्रालयहरू र लगानी बोर्डको कार्यालयसमेत गरी ७ वटा निकायहरू समावेश छन्।

ख. **पूर्वाधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

ग. **शासकीय सुधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल ट्रष्टको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र महालेखा नियन्त्रकको कार्यालय गरी १३ वटा मन्त्रालय/निकायहरू समावेश छन्।

घ. **सामाजिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

## २. कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

आर्थिक वर्ष २०८२/८३ का लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालयहरू र लगानी बोर्डको कार्यालय समेतका ३९२ वटा प्रमुख कार्यसम्पादन सूचकहरू एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। प्रणालीमा प्रविष्ट सूचकमध्ये असोज महिनासम्मका लागि २६० वटा सूचकहरूको लक्ष्य निर्धारण गरिएकोमा १०९ वटा सूचकहरूले लक्ष्य प्राप्त गरेको र १५१ वटा सूचकहरूले लक्ष्य प्राप्त गर्न नसकेको अवस्था छ। असोज महिनासम्ममा निश्चित लक्ष्य तोकिएका र प्रगति प्रविष्टि गरिएका केही प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

**तालिकाः१- प्रमुख कार्यसम्पादन सूचकको प्रगतिस्थिति**

| क्र.सं | सूचक | समीक्षा अवधि | इकाइ | २०८२ असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालु आ.व.मा हेलो सरकारमा प्राप्त गुनासो फछ्यौंट | मासिक | प्रतिशत | ५४ | ६० | १५ | ४०.१९ | ४०.१९ | प्र.म.का. |
| २ | मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | प्र.म.का. |
| ३ | हेलो सरकारमा हालसम्म प्राप्त गुनासोको औसत फछ्यौंट | मासिक | प्रतिशत | ६५ | १५ | ६८ | ६७.५२ | २.५२ | प्र.म.का. |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा आएका गुनासो फछ्यौंट | मासिक | प्रतिशत | ८० | १०० | १०० | ६८.५७ | ६८.५७ | प्र.म.का. |
| ५ | वैदेशिक सहायता प्राप्ति | मासिक | रू अर्ब | १५८.२ | २८७ | ५० | १०.०१ | १०.०१ | अर्थ |
| ६ | राजस्व परिचालन (बाँडफाट हुने राजस्व समेत) | मासिक | रु अर्ब | ११९६.२ | १४८० | ३२१.४४ | २५१.१८ | २५१.२ | अर्थ |
| ७ | औसत उपभोक्ता मुद्रास्फिति | मासिक | प्रतिशत | ४.२४ | ५.५ | ५.५४ | १.८७ | १.८७ | अर्थ |
| ८ | भुक्तानी सन्तुलन | मासिक | रु अर्ब | ४९१.४ | २०० | ५० | १५३.६८ | १५३.७ | अर्थ |
| ९ | चालुखाता सन्तुलन | मासिक | रु अर्ब | ३०७.३ | ११६ | २९ | १३०.६९ | १३०.७ | अर्थ |
| १० | विदेशी विनिमय सञ्चितिको न्यूनतम पर्याप्तता (वस्तु तथा सेवा) | मासिक | महिना | १४.७ | ७ | ७ | १६ | १६ | अर्थ |
| ११ | साना किसान विकास लघुवित्त वित्तीय संस्थामा लगानी/ अनुदानबाट रोजगारी सङ्ख्या | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | २७६७ | ५५३ | ६२५ | ६२५ | अर्थ |
| १२ | बीमाको पहुँच विस्तार (दायरामा आएको जनसङ्ख्या) | त्रैमासिक | प्रतिशत | ४९ | ५ | ५० | ४९.१२ | ०.१२ | अर्थ |
| १३ | सङ्घीय पुँजीगत खर्चमा सहजीकरण | मासिक | प्रतिशत | ० | १०० | १०० | १०० | १०० | अर्थ |
| १४ | अर्थ मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | ३७ | ८ | ८ | ८ | अर्थ |
| १५ | ठूला उद्योग दर्ता | मासिक | वटा | १४८७ | ६० | १५०२ | १५०२ | १५ | उद्योग |
| १६ | उद्योगहरूमा वैदेशिक लगानी स्वीकृति | मासिक | रू. अर्ब | ६५१ | ६५ | १५ | ३५.१६ | ३५.१६ | उद्योग |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

| क.सं | सूचक | समीक्षा अवधि | इकाइ | २०८२ असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात | मासिक | मे.टन (हजारमा) | २५ | २५ | २५ | ११.१ | ११.१ | उद्योग |
| १८ | सार्क खाद्य बैंकमा खाद्यान्न मौज्दात | मासिक | मे.टन (हजारमा) | ८ | ८ | ८ | ८ | ८ | उद्योग |
| १९ | उद्योग मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | ४० | १० | १० | १० | उद्योग |
| २० | निःशुल्क कानुनी सहायता प्राप्त व्यक्ति | त्रैमासिक | वटा | १७०० | ३०० | ५० | ८७९ | ८७९ | कानुन |
| २१ | राजपत्र सम्पादन | मासिक | वटा | ५६६ | २६० | ६० | ९७ | ९७ | कानुन |
| २२ | सम्पूर्ण कागजात प्राप्त भएको २० दिनभित्र राय सहमति प्रदान | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | कानुन |
| २३ | सम्पूर्ण कागजात प्राप्त भएको २० दिनभित्र नयाँ विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | कानुन |
| २४ | सम्पूर्ण कागजात प्राप्त भएको २५ दिनभित्र नयाँ विधेयक तथा नियममा तर्जुमा सहमति प्रदान | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | कानुन |
| २५ | सम्पूर्ण कागजात प्राप्त भएको २० दिनभित्र संशोधन विधेयक तथा नियममा तर्जुमा सहमति प्रदान | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | कानुन |
| २६ | नेपाल भूसूचना प्रणाली (NeLIS) मार्फत सेवा प्रवाह हुने नापी कार्यालयको सङ्ख्या | मासिक | कार्यालय | ९२ | ४३ | ९७ | ९८ | ६ | भूमि |
| २७ | जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी | मासिक | सङ्ख्या (हजारमा) | ५ | ५०० | १० | ८.७७७ | ३.७७७ | भूमि |
| २८ | COPOMIS प्रणाली सञ्चालन भएका सहकारी सङ्ख्या | मासिक | सङ्ख्या (हजारमा) | १९.१८९ | ०.८११ | १९.३७ | १९.२४७ | ०.०५८ | भूमि |
| २९ | भूमि मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | १३९०.५ | ३३१.७९ | ३३१.७९ | ३३१.८ | भूमि |
| ३० | रासायनिक मल आपूर्ति | मासिक | मे.टन (हजारमा) | ३९३ | ५५० | १५० | १९४.०९ | १९४.१ | कृषि |
| ३१ | किसान सूचीकरण | मासिक | सङ्ख्या (हजारमा) | २३७० | २४० | २४३० | २३८० | १० | कृषि |
| ३२ | दुध उत्पादन | त्रैमासिक | मे.टन (हजारमा) | २७५१ | २७५१ | ६७५.८ | ६८८ | ६८८ | कृषि |
| ३३ | माछा भुरा उत्पादन | त्रैमासिक | क्यू.फिट (लाखमा) | ७८१.६ | ७८२ | १३८.९१ | १५७.९२ | १५७.९ | कृषि |
| ३४ | मासु उत्पादन | त्रैमासिक | मे.टन (हजारमा) | ४६४ | ५०३ | १२६ | १२८ | १२८ | कृषि |
| ३५ | अण्डा उत्पादन | त्रैमासिक | गोटा (लाखमा) | १६८०० | १६८०० | ४२०० | ४२८० | ४२८० | कृषि |

| क.सं | सूचक | समीक्षा अवधि | इकाई | २०८२ असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | कृत्रिम गर्भाधान | मासिक | सङ्ख्या (हजारमा) | ७५३ | ८५० | १९० | १८३.३२ | १८३.३ | कृषि |
| ३७ | कृषि तथा पशुपन्छी मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | २९७५ | ३००० | १२०० | १२३० | १२३० | कृषि |
| ३८ | वाली बीमालेख | त्रैमासिक | सङ्ख्या (हजारमा) | १.६३४ | २.५ | ०.४ | ०.५४६ | ०.५४६ | कृषि |
| ३९ | खाद्य वस्तुमा विषादी अवशेषको परीक्षण | मासिक | सङ्ख्या (हजारमा) | ९५ | ९५ | २०.०५७ | २३.६ | २३.६ | कृषि |
| ४० | निर्माण भएका सुरक्षित नागरिक आवास | त्रैमासिक | वटा (हजारमा) | ९२.९९८ | ५ | ९३.९९८ | ९३ | ०.००२ | शहरी |
| ४१ | शहरी सडक निर्माण तथा स्तरोन्नति | त्रैमासिक | कि.मि. | ३८०० | ५६२ | ३८५६.२ | ३८६५ | ६५ | शहरी |
| ४२ | निर्माण भएका ग्रामीण कालोपत्रे सडक | त्रैमासिक | कि.मि. | ५०९३ | ३०० | ५१२३ | ५०९८ | ५ | शहरी |
| ४३ | निर्माण भएका झोलुङ्गे पुल | त्रैमासिक | वटा | ११२२५ | २०० | ११२४५ | ११२३० | ५ | शहरी |
| ४४ | निर्माण भएका स्थानीय तहको प्रशासकीय भवन | त्रैमासिक | वटा | ३६७ | ६० | ३७३ | ३७४ | ७ | शहरी |
| ४५ | साना सिँचाइबाट सिँचित क्षेत्रफल | त्रैमासिक | हेक्टर | ३९५८५ | ३७०० | ३९९५५ | ४१५५३ | १९६८ | शहरी |
| ४६ | त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशाला कीर्तिपुर निर्माण | त्रैमासिक | भौतिक प्रगति प्रतिशत | १२ | २० | २० | २२ | १० | शहरी |
| ४७ | शहरी विकास मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | ८४ | १० | १५ | १५ | शहरी |
| ४८ | WASH Plan तयार भएका स्थानीय तह | त्रैमासिक | स्थानीय तह | ३११ | ५९ | ३२० | ३१९ | ८ | खानेपानी |
| ४९ | एक घर एक धाराको नक्शाङ्कन भएका घर परिवार | त्रैमासिक | सङ्ख्या (हजारमा) | ११२४ | २०० | ११५० | ११४५ | २१ | खानेपानी |
| ५० | खानेपानी मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | २१ | ११० | १५ | १८ | १८ | खानेपानी |
| ५१ | अपराधका घटनाको अनुसन्धान प्रतिशत | मासिक | प्रतिशत | ८३.०६ | ७९ | ७५.६ | ५०.९३ | ५०.९३ | गृह |
| ५२ | सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति | त्रैमासिक | जना | २५४९ | १५२४ | ४०० | ४५८ | ४५८ | गृह |
| ५३ | सडक दुर्घटनाबाट घाइते भएका व्यक्ति | त्रैमासिक | जना (हजारमा) | ४४.२५९ | २२.३१४ | १४ | ११.०४६ | ११.०५ | गृह |
| ५४ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | मासिक | प्रतिशत | ७७.४३ | ८० | ७७.९ | ८४.९ | ८४.९ | गृह |
| ५५ | विपद्का घटनाबाट मृत्यु हुने व्यक्ति | त्रैमासिक | सङ्ख्या (प्रति लाख) | २.२ | १ | ०.२ | ०.५३१ | ०.५३१ | गृह |
| ५६ | विपद्का घटनाबाट प्रभावित परिवार सङ्ख्या | त्रैमासिक | सङ्ख्या | १७६१६ | ३७०० | १८०० | ३५५०८ | ३५५०८ | गृह |

| क.सं | सूचक | समीक्षा अवधि | इकाइ | २०८२ असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ५७ | राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त गरेका नेपाली नागरिक | मासिक | प्रतिशत | ७५ | १० | ७६.५ | ८९.३२ | १४.३२ | गृह |
| ५८ | राष्ट्रिय परिचयपत्र वितरण | मासिक | सङ्ख्या (हजारमा) | ३००० | २००० | ३४०० | ३४०४ | ४०४ | गृह |
| ५९ | गृह मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | १२५० | १२५ | १२५ | १२५ | गृह |
| ६० | सिंचाइ सुविधा (सङ्घीयस्तर मात्र) | त्रैमासिक | हेक्टर (हजारमा) | १५८६.३ | १४ | १५८६.५ | १५८६.६ | ०.२३ | ऊर्जा |
| ६१ | ठूला तथा मझौला नदीमा तटबन्ध निर्माण | त्रैमासिक | कि.मि. | १४७७.६ | ६३ | १४७७.८ | १४८१.८ | ४.१८ | ऊर्जा |
| ६२ | सतह सिंचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | त्रैमासिक | हेक्टर (हजारमा) | १०३४.४ | ६.४ | १०३४.५ | १०३४.५ | ०.१ | ऊर्जा |
| ६३ | विद्युत जडित क्षमता | त्रैमासिक | मे.वा. | ३९६० | ६६६ | ४१२६.५ | ४०४६ | ८६ | ऊर्जा |
| ६४ | ६६ के.मि. भन्दा बढी प्रसारण लाइन निर्माण | त्रैमासिक | सर्किट कि.मि. | ७१६१ | ६६८ | ७३२८ | ७१९७.२ | ३६.२ | ऊर्जा |
| ६५ | ३३ के भि प्रसारण लाईन विस्तार | त्रैमासिक | सर्किट कि.मि. | ८०५८ | २८१ | ८१२८.३ | ८१८९.२ | १३१.२ | ऊर्जा |
| ६६ | विद्युत निर्यात | मासिक | गिगावाट आवर | २३३२ | ४९२९ | २९७७ | १८०४.९ | १८०५ | ऊर्जा |
| ६७ | सौर्य विद्युत उत्पादन क्षमता | त्रैमासिक | मे.वा. | ५६.८९१ | ७ | ५६.८९१ | ६०.५५ | ३.६५९ | ऊर्जा |
| ६८ | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन | त्रैमासिक | मे.वा. | ४०.६५२ | ०.७ | ४०.६५२ | ४१.१६ | ०.५०८ | ऊर्जा |
| ६९ | विद्युत आयात | मासिक | गिगावाट आवर | १७१२ | १२६० | ५ | २०८१४ | २०८१४ | ऊर्जा |
| ७० | नियोगमार्फत आर्थिक कूटनीतिका कार्यक्रमहरूको सञ्चालन | त्रैमासिक | सङ्ख्या | २०० | २७० | ३५ | ४५ | ४५ | परराष्ट्र |
| ७१ | विद्युतीय राहदानी वितरण | मासिक | सङ्ख्या (प्रति हजार) | ४७३५ | ११०० | २७० | २२५ | २२५ | परराष्ट्र |
| ७२ | कन्सुलर सेवा अन्तर्गत कागजात प्रमाणीकरण | मासिक | सङ्ख्या (हजारमा) | ७४७.५९ | ५०० | १२० | १३१ | १३१ | परराष्ट्र |
| ७३ | विदेशमा समस्यामा परेका नेपालीको उद्धारमा सहजीकरण | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | परराष्ट्र |
| ७४ | विदेशमा समस्यामा परेका नेपालीलाई कानुनी सहायता एवं परामर्श प्रदान | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | परराष्ट्र |
| ७५ | परराष्ट्र मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | २० | ५ | ५ | ५ | परराष्ट्र |
| ७६ | कालोपत्रे सडक (दुई लेन) | त्रैमासिक | कि.मि. | १९४५६ | ८०० | १९४५६ | १९५४५ | ८९.३ | भौतिक |
| ७७ | कालोपत्रे सडक (चार लेन वा चार लेन भन्दा बढी) | त्रैमासिक | कि.मि. | ५८७.६९ | १०८.५ | ५८७.६९ | ५९३.१९ | ५.५ | भौतिक |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं | सूचक | समीक्षा अवधि | इकाइ | २०८[illegible] असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ७८ | पुल निर्माण | मासिक | वटा | ३५३७ | १६२ | ३५३७ | ३५४३ | ६ | भौतिक |
| ७९ | सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण | मासिक | सङ्ख्या (लाखमा) | ४०.७१ ६ | ६ | ४२.१ | ४०.८९ | ०.१७४ | भौतिक |
| ८० | इम्बोस्ड नम्बर प्लेट वितरण | मासिक | सङ्ख्या (हजारमा) | ७४४. ०५ | २५० | ७६० | ८३१.०६ | ८७.०१ | भौतिक |
| ८१ | भौतिक मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ३३५० ० | ३६५० | २९२ | २६० | २६० | भौतिक |
| ८२ | कर्णाली कोरिडोर (लालिबगर-दुल्लिकुन्ना र घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | १६ | ०.५ | १६.०६ | १६.०६ | ०.०६ | रक्षा |
| ८३ | उत्तर दक्षिण राजमार्ग, कोशी कोरिडोर, खाँदवारी -किमाथाङ्का सडक(च्याम्ताङ्ग-घोङ्ग्पा खण्ड), ट्र्याक स्तरोन्नति | मासिक | कि.मि. | ० | ४.३१ | १ | १ | १ | रक्षा |
| ८४ | महाकाली कोरिडोर दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | १७.५ | २.३ | १९.२५ | १८.०२ | ०.५२ | रक्षा |
| ८५ | वेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | ४० | ०.८ | ४०.२ ८ | ४०.२८ | ०.२८ | रक्षा |
| ८६ | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) निर्माण कार्यको समष्टिगत भौतिक प्रगति | मासिक | प्रतिशत | ७४.० ४ | २५.९६ | ७७.३४ | ७७.३४ | ३.३ | रक्षा |
| ८७ | सामुदायिक विपद् प्रतिकार्य तालिम | त्रैमासिक | जना | ४३६२ ५ | १४००० | ४७०९ ५ | ४९७६० | ६१३५ | रक्षा |
| ८८ | काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | प्रतिशत | ४२.१३ | १५ | ४४.६३ | ४३.६६ | १.५३ | रक्षा |
| ८९ | रक्षा मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | २२९.४६ | २३.३७ ९ | १९३.४५ | १९३.४ | रक्षा |
| ९० | वनक्षेत्रबाट सङ्कलित (मू.अ. कर वाहेकको) राजस्व रकम | मासिक | रु अर्ब | १.५ | १.५ | ०.३ | ०.६९ | ०.६९ | वन |
| ९१ | उत्पादित काठ बिक्री | मासिक | क्यू.फिट (लाखमा) | ३८१.० ५ | ३५० | ५० | ४६.७३ | ४६.७३ | वन |
| ९२ | वन मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ४१०० | ५००० | ५०० | ४४८ | ४४८ | वन |
| ९३ | पानी मुहान र पोखरी संरक्षण | त्रैमासिक | सङ्ख्या | ३६५ | २५३ | १० | ६ | ६ | वन |
| ९४ | सिमसारक्षेत्र व्यवस्थापन | त्रैमासिक | वटा | ० | ९७ | ३ | १ | १ | वन |
| ९५ | उद्योग प्रतिष्ठानको वातावरण प्रदूषणसम्वन्धी निरीक्षण एवम् अनुगमन | मासिक | सङ्ख्या | १०३ | २५ | २ | ५ | ५ | वन |

| क्र.सं | सूचक | समीक्षा अवधि | इकाइ | २०८२ असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ९६ | वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि नदीनाला, तालतलैयाको पानी तथा उद्योग, कलकारखानावाट निष्कासित फोहोर पानी लगायतका नमुना सङ्कलन तथा विश्लेषण | मासिक | सङ्ख्या | ९१ | ५० | ८ | १० | १० | वन |
| ९७ | राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना | मासिक | वटा | ० | ३० | ३ | १० | १० | युवा |
| ९८ | अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना | मासिक | वटा | ० | ११ | ३ | २ | २ | युवा |
| ९९ | खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षण | मासिक | जना | १०४ | १०४ | १०४ | १२० | १२० | युवा |
| १०० | सिप परीक्षण तथा प्रमाणीकरण | त्रैमासिक | सङ्ख्या (प्रति हजार) | ५१९.४ | ५० | ५३२ | ५२३.१ | ३.७ | शिक्षा |
| १०१ | दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाइउद्धार | त्रैमासिक | जना | ८४५ | १०० | ८७० | ८७१ | २६ | महिला |
| १०२ | सडक वालबालिकाको उद्धार, राहत, पुनर्स्थापना, संरक्षण तथा व्यवस्थापन | त्रैमासिक | जना | ५५५९ | ५०० | ५६८४ | ५९२४ | ३६५ | महिला |
| १०३ | बेवारिस तथा असहाय वालबालिकाको वालगृहमा पुनर्स्थापना | त्रैमासिक | जना | ७११८ | ३५० | ७२०५ | ७१४० | २२ | महिला |
| १०४ | हराएकामध्ये फेला परेका वालबालिकाको पारिवारिक पुनर्मिलन | त्रैमासिक | प्रतिशत | ९२.८५ | ९२ | ९२ | ८४.२३ | ८४.२३ | महिला |
| १०५ | सीप विकास तालिम प्राप्त महिला | त्रैमासिक | सङ्ख्या | ४२८९ | ७०६४ | ५०३९ | ५०३९ | ५०३९ | महिला |
| १०६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ५०० | १५०० | ५५० | ५५० | ५५० | महिला |
| १०७ | सामाजिक सुरक्षा कोषमा आवद्ध लाभग्राहीको सङ्ख्या | मासिक | जना (लाखमा) | २३.८०२ | ३.२१८२ | २४.६ | २५.६९ | १.८८९ | श्रम |
| १०८ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको सङ्ख्या | मासिक | जना (हजारमा) | २०.९७६ | २.०२४ | २१.४८६ | २२.०६१ | १.०८५ | श्रम |
| १०९ | छोटो अवधिको रोजगारउन्मुख व्यावसायिक सीपमूलक तालिम लिने व्यक्तिको सङ्ख्या | त्रैमासिक | जना (हजारमा) | २४.०८४ | २६.७ | २ | ०.०८ | ०.०८ | श्रम |
| ११० | पुनः एकीकरण कार्यक्रमवाट लाभन्वित हुने व्यक्तिको सङ्ख्या | त्रैमासिक | जना | ५००० | ५००० | १००० | २५५९ | २५५९ | श्रम |
| १११ | श्रम अडिट गर्ने प्रतिष्ठानको सङ्ख्या | त्रैमासिक | सङ्ख्या | ४२७४ | ५००० | १००० | ५९८ | ५९८ | श्रम |
| ११२ | श्रम मन्त्रालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | ३०९ | ७७ | ७७ | ७७ | श्रम |

| क.सं | सूचक | समीक्षा अवधि | इकाई | २०८२ असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ११३ | पर्यटक आगमन | त्रैमासिक | सङ्ख्या (लाखमा) | ११.२८ | १२.५ | २ | २.२७ | २.२७ | संस्कृति |
| ११४ | ग्रेट हिमालयन ट्रेल निर्माण | त्रैमासिक | कि.मि. | ६४० | २० | ६४४ | ६४४ | ४ | संस्कृति |
| ११५ | पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति | त्रैमासिक | सङ्ख्या (हजारमा) | ६.५७१ | ५.३ | १ | १.५७३ | १.५७३ | संस्कृति |
| ११६ | प्रतिलिपि अधिकार संरक्षण दर्ता | मासिक | सङ्ख्या | ३०३४ | ३०० | ३१०९ | ३१२५ | ९१ | संस्कृति |
| ११७ | अभिलेखको डिजिटाइजेसन | मासिक | पृष्ठ (लाख) | १२ | ६ | १२ | १२.२३ | ०.२३ | संस्कृति |
| ११८ | कल्चरल ट्रेल | त्रैमासिक | कि.मि. | ३३९.२५ | १५ | ३४२.२५ | ३४४.२५ | ५ | संस्कृति |
| ११९ | कुल अन्तर्राष्ट्रिय उडान सङ्ख्या | मासिक | सङ्ख्या (हजारमा) | ३३.५५ | ३३.६ | ११ | ९.०५५ | ९.०५५ | संस्कृति |
| १२० | स्थानीय तहबाट प्राप्त भएका आवधिक योजनामा पृष्ठपोषण तथा सुझाव प्रदान | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | सामान्य प्रशासन |
| १२१ | निजामती कर्मचारी अस्पतालमा बहिरङ्ग सेवा प्रदान (औसत प्रतिदिन) | मासिक | जना | १११५ | १११५ | १११५ | १००४ | १००४ | सामान्य प्रशासन |
| १२२ | कर्मचारी प्रशिक्षण/तालिम (अधिकृत स्तर) | त्रैमासिक | जना | २७५९ | २२०० | ६७५ | ७०५ | ७०५ | सामान्य प्रशासन |
| १२३ | कर्मचारी सेवाकालीन तालिम (राजपत्र अनङ्कित तथा स्थानीय तहका अधिकृतसमेत) | त्रैमासिक | जना | ६६० | ५७५ | २०० | २२४ | २२४ | सामान्य प्रशासन |
| १२४ | २४ कोर माथिको अप्टिकल फाइवर विस्तार | मासिक | कि.मि. | १८१५९ | २३५१ | १८६४९ | १८७१९ | ५६०.५ | सञ्चार |
| १२५ | १२ कोर माथिको अप्टिकल फाइवर विस्तार | मासिक | कि.मि. | ३१००० | ९००० | ३३५०० | ३४१११ | ३१११ | सञ्चार |
| १२६ | फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | त्रैमासिक | प्रतिशत | ४८.६८ | २.०७ | ४९.१८ | ४९.२३ | ०.५५ | सञ्चार |
| १२७ | नागरिक एपमा आबद्ध सरकारी सेवा | त्रैमासिक | वटा | ६५ | ५ | ६७ | ६७ | २ | सञ्चार |
| १२८ | फोर जी/एल.टी.ई. सेवा विस्तार | त्रैमासिक | प्रतिशत | ८७.९ | ५.१ | ८९.२ | ८९.२ | १.३ | सञ्चार |
| १२९ | Government Integrated Office Management System (GIOMS) लागु भएका सरकारी कार्यालय | मासिक | वटा | १४० | ८६० | ३५३ | १६९ | २९ | सञ्चार |
| १३० | एकीकृत वेवसाइट प्रणाली लागु भएका कार्यालय | मासिक | वटा | १५० | १८५० | ६०० | ५०० | ३५० | सञ्चार |
| १३१ | स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने महिला | मासिक | प्रतिशत | ७८ | ८० | २० | १५ | १५ | स्वास्थ्य |
| १३२ | चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला | मासिक | प्रतिशत | ८९ | ९० | २३ | २२ | २२ | स्वास्थ्य |
| १३३ | तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका | मासिक | प्रतिशत | ९५ | ९५ | २४ | २५ | २५ | स्वास्थ्य |


| क.सं | सूचक | समीक्षा अवधि | इकाई | २०८२ असार को स्थिति | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२ असोज सम्मको लक्ष्य | २०८२ असोज सम्मको प्रगति | २०८२ साउनदेखि असोजसम्म को प्रगति | निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १३४ | क्षयरोग पहिचान दर | मासिक | जना (लाखमा) | १२५ | १३० | ३० | १९ | १९ | स्वास्थ्य |
| १३५ | क्षयरोग उपचार सफलता दर | मासिक | प्रतिशत | ९३ | ९५ | ९५ | ९० | ९० | स्वास्थ्य |
| १३६ | आयुर्वेद सेवा प्राप्त गर्ने जनसङ्ख्या | मासिक | जना (हजारमा) | २४१० | २४५० | ६०० | ४९६ | ४९६ | स्वास्थ्य |
| १३७ | सार्वजनिक खरिदसम्बन्धी कार्य गर्ने कर्मचारीको क्षमता विकास | मासिक | जना | ११२३ | १२०० | ३०० | ४७ | ४७ | सार्वजनिक खरिद |
| १३८ | सार्वजनिक खरिद कार्यको अनुगमन/अध्ययन विश्लेषण | मासिक | पटक | १७ | ३३ | ५ | १ | १ | सार्वजनिक खरिद |
| १३९ | रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | १ | ०.२५ | ०.२५ | ०.२५ | सार्वजनिक खरिद |
| १४० | नयाँ परियोजना पहिचान - (PIN) तयारी | मासिक | वटा | १२७ | ४० | १३७ | १३४ | ७ | लगानी बोर्ड |
| १४१ | MoU/लगानी स्वीकृति | मासिक | रू अर्ब | १६१४ | १००० | १८१४ | १६२३ | ९ | लगानी बोर्ड |
| १४२ | वित्तीय व्यवस्थापन/निर्माण कार्य थालनी | मासिक | रु अर्ब | २०४ | ४०० | २५४ | २५५ | ५१ | लगानी बोर्ड |
| १४३ | लगानी प्रवर्द्धन कार्यक्रम (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) | मासिक | वटा | १५ | १७ | २ | २ | २ | लगानी बोर्ड |
| १४४ | त्रैमासिक राष्ट्रिय लेखाको प्रारम्भिक अनुमान सार्वजनिक | त्रैमासिक | पटक | ४ | ४ | १ | १ | १ | तथ्याङ्क |
| १४५ | मूल्य सूचकाङ्क सार्वजनिक | त्रैमासिक | पटक | ४ | ४ | १ | १ | १ | तथ्याङ्क |
| १४६ | गणना/सर्वेक्षणका नतिजा तथा विश्लेषण प्रकाशन/सार्वजनिक | त्रैमासिक | सङ्ख्या | २१ | ९ | ४ | ४ | ४ | तथ्याङ्क |
| १४७ | राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | ३४५ | ४२ | ७ | ७ | तथ्याङ्क |
| १४८ | २०८२ असार मसान्त सम्म कायम रहेको शोधभर्ना (रु १५.२ अर्ब) प्राप्ती | मासिक | प्रतिशत | ३१ | १०० | ३० | २५.६७ | २५.६७ | मलेनिका |
| १४९ | रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | १९३४५ | १९३४५ | ४८३६.३ | ४८३६.३ | ४८३६ | मलेनिका |
| १५० | महान्यायाधिवक्ता कार्यालय र अन्तर्गत रोजगारी सिर्जना | त्रैमासिक | कार्यदिन (हजारमा) | ० | १२.६ | ३.३ | ३.३ | ३.३ | महान्यायाधिवक्ता |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरण अनुसार २०८२ असोज महिनासम्ममा नेपाल सरकारको कुल पुँजीगत खर्चको प्रगति ४.७ प्रतिशत रहेकोमा उक्त राष्ट्रिय औसतभन्दा बढी पुँजीगत खर्च गर्ने मन्त्रालयहरूमा परराष्ट्र मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, ऊर्जा, जलस्रोत

तथा सिँचाइ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गरी ९ वटा मन्त्रालय/कार्यालय रहेका छन् भने १३ वटा मन्त्रालय र कार्यालयको पुँजीगत खर्च राष्ट्रिय औसतभन्दा कम भएको देखिएको छ।

लेखाचित्रः १ मन्त्रालयहरूको पुँजीगत खर्चको विवरण (प्रतिशत)




(स्रोत:महालेखा नियन्त्रकको कार्यालय)

## ३. राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति

## ३.१ राजस्व सङ्कलनको प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणअनुसार २०८२ असोज महिनासम्ममा वार्षिक कर राजस्व लक्ष्यको १७.६८ प्रतिशत, वार्षिक गैरकर राजस्व लक्ष्यको ९.५३ प्रतिशत र कुल राजस्व लक्ष्यको १६.८३ प्रतिशत सङ्कलन भएको छ।


तालिकाः२- राजस्व सङ्कलनको प्रगति स्थिति (रू.अर्बमा)

| राजस्व | वार्षिक लक्ष्य | सङ्कलित राजस्व (असोजसम्म) | प्रगति प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | १,३२५.५८४ | २३४.३२८ | १७.६८ |
| गैरकर राजस्व | १५४.४१६ | १४.७२३ | ९.५३ |
| कुल | १,४८०.००० | २४९.०५१ | १६.८३ |

(स्रोतःमहालेखा नियन्त्रकको कार्यालय)

महालेखा नियन्त्रकको कार्यालयको विवरणअनुसार गत २ आर्थिक वर्षको राजस्व सङ्कलन प्रतिशत तुलनात्मक स्थिति हेर्दा आर्थिक वर्ष २०८०/८१ मा कर राजस्व १५.२८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा १.८३ अङ्कले वृद्धि भई १७.११ प्रतिशत कर राजस्व सङ्कलन भएको देखिन्छ भने आर्थिक वर्ष २०८०/८१ मा गैरकर राजस्व १६.७९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ४.३६ अङ्कले वृद्धि भई २१.१५ प्रतिशत गैरकर राजस्व सङ्कलन भएको देखिन्छ। चालु आर्थिक वर्षको असोज महिनासम्ममा कर राजस्व लक्ष्यको १७.६९ प्रतिशत र गैरकर राजस्व लक्ष्यको ९.५३ प्रतिशत गरी कुल राजस्व लक्ष्यको १६.८३ प्रतिशत सङ्कलन भएको देखिन्छ। अघिल्लो आर्थिक वर्षहरूको तुलनामा चालु आर्थिक वर्षमा करराजस्व केही वढोत्तरी देखिएतापनि गैरकर राजस्व सङ्कलनमा ११.६२ अङ्कले घटेको देखिन्छ। त्यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा कुल राजस्व रकममा १५.४ प्रतिशत रहेकोमा २ अङ्कले वृद्धि भई आर्थिक वर्ष २०८१/८२ मा कुल राजस्व १७.४९ प्रतिशत सङ्कलन भएको देखिन्छ तर अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा कुल राजस्व सङ्कलन केही अङ्कले घटेको देखिन्छ।

लेखाचित्र: २ - लक्ष्यको तुलनामा राजस्व सङ्कलन (प्रतिशत)




## ३.२ खर्चसम्बन्धी प्रगति स्थिति

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणअनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको असोज महिनासम्ममा १८.५६ प्रतिशत खर्च भएको छ। यसमध्ये चालुतर्फ २१.७५ प्रतिशत, पुँजीगततर्फ ४.७० प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ २३.६१ प्रतिशत खर्च भएको छ।


तालिका:३- सरकारी खर्चको प्रगति स्थिति (रू. अर्बमा)

| विषय | चालु | पुँजीगत | वित्तीय | कुल |
|---|---|---|---|---|
| कुल बजेट | ११८०.९८० | ४०७.८८८ | ३७५.२४२ | १९६४.११० |
| २०८२ असोजसम्मको खर्च | २५६.८०६ | १९.१८३ | ८८.६०० | ३६४.५८९ |
| खर्च प्रतिशत | २१.७५ | ४.७० | २३.६१ | १८.५६ |

(स्रोत:महालेखा नियन्त्रकको कार्यालय)

महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्ममा चालुतर्फ २१.७ प्रतिशत, पुँजीगततर्फ ४.७ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ २३.६ प्रतिशत गरी कुल १८.५६ प्रतिशत खर्च भएको देखिन्छ। गत २ आर्थिक वर्षको असोज महिनासम्मको खर्च प्रतिशत स्थितिसँग तुलना गर्दा चालु आर्थिक वर्षमा चालु खर्च र वित्तीय खर्च प्रतिशतमा केही बढोत्तरी भएको छ भने पुँजीगत खर्च प्रतिशतमा केही कमी देखिएको छ।

## लेखाचित्रः ३ - लक्ष्यको तुलनामा कुल खर्च (प्रतिशत)




## ४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

### ४.१ क्रियाकलापको प्रगति स्थिति

आ.व. २०८२/८३ का लागि विभिन्न ३० वटा निकायहरूको कार्ययोजनामा समावेश भएका कुल ७०३ वटा क्रियाकलापमध्ये असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने गरी ३० वटा क्रियाकलाप तय गरिएका थिए। तय गरिएका क्रियाकलापमध्ये यस अवधिसम्ममा ३० प्रतिशत सम्पन्न, ५३.३ प्रतिशत चालु रहेको र १६.७ प्रतिशत सुरू नभएको देखिन्छ।

लेखाचित्रः ४- असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति




सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति क्षेत्रगत रूपमा हेर्दा शासकीय सुधार क्षेत्रका सबैभन्दा बढी ४०.० प्रतिशत सम्पन्न भएको देखिन्छ भने सबैभन्दा कम सामाजिक क्षेत्रका १६.६ प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिन्छ।

तालिकाः४- क्रियाकलापको प्रगति स्थिति

| क्षेत्र | कुल क्रियाकलाप | २०८२ असोज महिनासम्ममा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शासकीय सुधार | १७२ | १० | ४ | ४०.० | ३ | ३०.० | ३ | ३०.० |
| आर्थिक | १९३ | ११ | ४ | ३६.४ | ७ | ६३.६ | ० | ०.० |
| सामाजिक | १२८ | ६ | १ | १६.७ | ४ | ६६.७ | १ | १६.७ |
| पूर्वाधार | २१० | ३ | ० | ०.० | २ | ६६.७ | १ | ३३.३ |
| कुल | ७०३ | ३० | ९ | ३०.० | १६ | ५३.३ | ५ | १६.७ |


(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

## ४.२ माइलस्टोनको प्रगति स्थिति

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय


आर्थिक वर्ष २०८२/८३ का लागि कुल १,[illegible]८८ वटा माइलस्टोन निर्धारण गरिएकामा असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने गरी ६७ वटा माइलस्टोनको लक्ष्य निर्धारण गरिएको थियो। लक्ष्य निर्धारण भएका माइलस्टोनमध्ये २९.९ प्रतिशत सम्पन्न, ५२.२ प्रतिशत चालु र १७.९ प्रतिशत सुरु नभएको अवस्थामा देखिएका छन्।

लेखाचित्रः ५- असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति




असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने विगत दुई वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा गत वर्ष यही अवधिको तुलनामा अघिल्लो आर्थिक वर्षमा घटेको देखिन्छ भने चालु आर्थिक वर्षमा माइलस्टोन सम्पन्न प्रतिशत १०.५ अङ्कले घटेको देखिन्छ भने चालु अवस्थामा रहेका माइलस्टोन तथा कार्य सुरू नभएका माइलस्टोनको प्रतिशत क्रमशः ५.१ अङ्क र ५.४ अङ्कले वढेको देखिन्छ।

लेखाचित्रः ६- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलना (प्रतिशत)




१७

क्षेत्रगत रूपमा असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति विश्लेषण गर्दा शासकीय सुधार क्षेत्रको सबैभन्दा धेरै ४२.९ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने पूर्वाधार क्षेत्रको सम्पन्न प्रतिशत शून्य रहेको छ। त्यसैगरी, पूर्वाधार क्षेत्रको ७२.७ प्रतिशत माइलस्टोन चालु अवस्थामा रहेको देखिन्छ भने शासकीय सुधार क्षेत्रको २८.६ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिन्छ।


तालिकाः ५- सम्पन्न हुनुपर्ने माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति

| क्षेत्र | कुल माइलस्टोन | २०८२ असोज महिनासम्ममा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शासकीय सुधार | २७२ | २१ | ९ | ४२.९ | ६ | २८.६ | ६ | २८.६ |
| आर्थिक | २८४ | २१ | ७ | ३३.३ | १३ | ६१.९ | १ | ४.८ |
| सामाजिक | १७३ | १४ | ४ | २८.६ | ८ | ५७.१ | २ | १४.३ |
| पूर्वाधार | ३५९ | ११ | ० | ०.० | ८ | ७२.७ | ३ | २७.३ |
| कुल | १०८८ | ६७ | २० | २९.९ | ३५ | ५२.२ | १२ | १७.९ |

(स्रोतःएकीकृत अनलाइन अनुगमन प्रणाली)


चालु आर्थिक वर्षको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने क्षेत्रगत माइलस्टोनको सम्पन्न अवस्थालाई विगत ३ वर्षको यसै अवधिको सम्पन्न अवस्थासँग तुलना गर्दा चार वटै क्षेत्रको माइलस्टोनको सम्पन्न प्रतिशतमा ह्रास आएको देखिन्छ।

लेखाचित्रः ७- असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने क्षेत्रगत माइलस्टोनको तुलनात्मक स्थिति



त्यसैगरी, असोज महिनासम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै असोज पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका ३२० माइलस्टोनमध्ये ५२.२ प्रतिशत लक्ष्य प्राप्त भएका, ३७.८ प्रतिशत लक्ष्य प्राप्त नभएका र १० प्रतिशत सुरु हुन नसकेको अवस्थामा छन्।

**लेखाचित्रः ८- असोज महिनासम्ममा सुरु हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति**




असोज महिनासम्ममा सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्लो महिनामा सम्पन्न हुनुपर्ने ३२० वटा माइलस्टोनको प्रगति क्षेत्रगत रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी आर्थिक क्षेत्रको ५५.४ प्रतिशत र सबैभन्दा कम शासकीय सुधार क्षेत्रको ४९.४ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेको देखिन्छ। त्यसैगरी, चालु अवस्थामा रही लक्ष्य प्राप्त हुन नसकेका माइलस्टोनतर्फ सबैभन्दा बढी सामाजिक क्षेत्रको ४६.३ प्रतिशत देखिन्छ। सबैभन्दा बढी शासकीय सुधार क्षेत्रका २१.२ प्रतिशत माइलस्टोन निर्धारित समयमा सुरु नै हुन सकेका छैनन्।

**तालिकाः ६- असोज महिनासम्ममा सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति**

| क्षेत्र | कुल माइलस्टोन | २०८२ असोज महिनासम्ममा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | २८४ | ८३ | ० | ०.० | ४६ | ५५.४ | ३१ | ३७.३ | ६ | ७.२ |
| पूर्वाधार | ३५९ | ९८ | ० | ०.० | ५२ | ५३.१ | ४० | ४०.८ | ६ | ६.१ |
| सामाजिक | १७३ | ५४ | ० | ०.० | २७ | ५०.० | २५ | ४६.३ | २ | ३.७ |
| शासकीय सुधार | २७२ | ८५ | ० | ०.० | ४२ | ४९.४ | २५ | २९.४ | १८ | २१.२ |
| कुल | १०८८ | ३२० | ० | ०.० | १६७ | ५२.२ | १२१ | ३७.८ | ३२ | १०.० |

(स्रोतःएकीकृत अनलाइन अनुगमन प्रणाली)

## ५. क्षेत्रगत प्रगति स्थिति

### ५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति

### ५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूको २०८२ असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने ११ वटा क्रियाकलापहरूको प्रगति स्थिति हेर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको शतप्रतिशत क्रियाकलाप सम्पन्न रहेको देखिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लगानी वोर्डको कार्यालयको सवै क्रियाकलाप चालु अवस्थामा देखिएका छन्। उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरण मन्त्रालयको समीक्षा अवधिमा सम्पन्न हुनुपर्ने क्रियाकलाप नरहेको देखिन्छ।

तालिकाः ७- क्रियाकलापको प्रगति स्थितिः आर्थिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २३ | २ | २ | १०० | ० | ०.० | ० | ०.० |
| २ | अर्थ | २५ | ३ | २ | ६६.७ | १ | ३३.३ | ० | ०.० |
| ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | २६ | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| ४ | लगानी बोर्ड | १९ | ५ | ० | ०.० | ५ | १००.० | ० | ०.० |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति | ३३ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ६ | कृषि तथा पशुपन्छी विकास | ४२ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ७ | वन तथा वातावरण | २५ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| कुल | | १९३ | ११ | ४ | ३६.४ | ७ | ६३.६ | ० | ०.० |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

### ५.१.२ आर्थिक क्षेत्रको माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने २१ माइलस्टोनको समग्र स्थिति हेर्दा ३३.३ प्रतिशत सम्पन्न भएका, ६१.९ प्रतिशत चालु अवस्थामा रहेको र ४.८ प्रतिशत सुरू नभएको माइलस्टोन देखिन्छ। असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको शतप्रतिशत सम्पन्न भएको देखिएको छ भने अर्थ मन्त्रालयको १२ प्रतिशत माइलस्टोन सुरू नभएको देखिन्छ।


## तालिकाः ८- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः आर्थिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | सम्पन्न हुनुपर्ने | असोज महिनासम्ममा सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २६ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ३४ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | अर्थ | ५५ | ८ | ३ | ३७.५ | ४ | ५०.० | १ | १२.५ |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति | ४८ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| ५ | लगानी बोर्ड | ३३ | ७ | ० | ०.० | ७ | १००.० | ० | ०.० |
| ६ | कृषि तथा पशुपन्छी विकास | ५४ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ७ | वन तथा वातावरण | ३४ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | कुल | २८४ | २१ | ७ | ३३.३ | १३ | ६१.९ | १ | ४.८ |

(स्रोतःएकीकृत अनलाइन अनुगमन प्रणाली)

आर्थिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय/ निकायहरूका असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने विगत २ वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा अघिल्लो आर्थिक वर्षमा सुधार देखिएपनि चालु आर्थिक वर्षमा माइलस्टोनको सम्पन्न प्रतिशत ८.६ अङ्कले घटेको, चालु अवस्थामा रहेका माइलस्टोन प्रतिशत २० अङ्कले बढेको र कार्य सुरु नभएका माइलस्टोनको ११.३ अङ्कले घटेको देखिएको छ।

लेखाचित्रः ९- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थितिः आर्थिक क्षेत्र




आर्थिक क्षेत्र अन्तर्गतका असोज महिनासम्ममा सुरु हुनुपर्ने ८३ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ५५.४ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ३७.३ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेको र ७.२ प्रतिशत माइलस्टोन सुरू हुन नसकेको देखिएको छ। तुलनात्मक

रूपमा हेर्दा सबैभन्दा बढी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको ७७.८ प्रतिशत र सबैभन्दा कम अर्थ मन्त्रालयको १२.५ प्रतिशत माइलस्टोनले असोज महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन्। त्यसैगरी, चालु अवस्थामा रही लक्ष्य प्राप्त हुन नसकेका माइलस्टोनतर्फ सबैभन्दा बढी अर्थ मन्त्रालयको ८७.५ प्रतिशत देखिएको छ भने वन तथा वातावरण मन्त्रालयको २५ प्रतिशत माइलस्टोन सुरू हुन नसकेको देखिन्छ।

**तालिकाः ९- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः आर्थिक क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ९ | ० | ०.० | ७ | ७७.८ | २ | २२.२ | ० | ०.० |
| २ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १५ | ० | ०.० | १० | ६६.७ | ३ | २०.० | २ | १३.३ |
| ३ | कृषि तथा पशुपन्छी विकास | २१ | ० | ०.० | १३ | ६१.९ | ८ | ३८.१ | ० | ०.० |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति | १२ | ० | ०.० | ७ | ५८.३ | ४ | ३३.३ | १ | ८.३ |
| ५ | लगानी बोर्ड | ६ | ० | ०.० | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| ६ | वन तथा वातावरण | १२ | ० | ०.० | ५ | ४१.७ | ४ | ३३.३ | ३ | २५.० |
| ७ | अर्थ | ८ | ० | ०.० | १ | १२.५ | ७ | ८७.५ | ० | ०.० |
| कुल | | ८३ | ० | ०.० | ४६ | ५५.४ | ३१ | ३७.३ | ६ | ७.२ |

(स्रोतः एकीकृत अनलाइन अनुगमन प्रणाली)

## ५.१.३ आर्थिक क्षेत्रको चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको असोज महिनासम्ममा सम्पन्न वा सुरु हुनुपर्ने १०४ वटा माइलस्टोनहरू मध्ये ४४ वटा माइलस्टोनहरू चालु अवस्थामा रहेका छन्। चालु अवस्थाका माइलस्टोनहरूलाई प्रगतिको आधारमा विभिन्न पाँच चरणहरूमा बाँडेर विश्लेषण गर्दा अधिकांश माइलस्टोनहरू (२४ वटा) २० प्रतिशतभन्दा कम प्रगति हासिल गरेको देखिन्छ। त्यसैगरी २० देखि ४० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ५ वटा, ४० देखि ६० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ३ वटा, ६० देखि ८० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ९ वटा र ८० प्रतिशत भन्दा माथि तर सम्पन्न वा लक्ष्य प्राप्त नभएका माइलस्टोनहरूको सङ्ख्या ३ वटा रहेको देखियो।

तालिका: १०- चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति (संख्यामा): आर्थिक क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | सम्पन्न वा सुरू हुनुपर्ने | सम्पन्न/ लक्ष्य प्राप्त | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका | | | | | कार्य सुरू नभएका |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ० - २०% | २० - ४०% | ४० - ६०% | ६० - ८०% | ८० - ९९.९९% | |
| १ | अर्थ | १६ | ४ | ४ | ३ | १ | २ | १ | १ |
| २ | उद्योग तथा वाणिज्य आपूर्ति | १४ | ७ | ५ | ० | ० | १ | ० | १ |
| ३ | कृषि तथा पशुपन्छी | २१ | १३ | ४ | ० | ० | २ | २ | ० |
| ४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ११ | ९ | ० | ० | १ | १ | ० | ० |
| ५ | वन तथा वातावरण | १२ | ५ | २ | ० | १ | १ | ० | ३ |
| ६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १७ | १२ | १ | १ | ० | १ | ० | २ |
| ७ | लगानी बोर्ड | १३ | ३ | ८ | १ | ० | १ | ० | ० |
| | जम्मा | १०४ | ५३ | २४ | ५ | ३ | ९ | ३ | ७ |

## ५.२ पूर्वाधार क्षेत्रको प्रगति स्थिति

### ५.२.१ पूर्वाधार क्षेत्रको क्रियाकलापको प्रगति स्थिति

पूर्वाधार क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८२ असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने ३ वटा क्रियाकलापमध्ये शहरी विकास मन्त्रालयको २ वटा क्रियाकलाप चालु अवस्थामा र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १ वटा क्रियाकलापको कार्य सुरू नभएको देखिन्छ।

तालिकाः ११- क्रियाकलापको प्रगति स्थितिः पूर्वाधार क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शहरी विकास | ४५ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| २ | सञ्चार तथा सूचना प्रविधि | ३१ | १ | ० | ०.० | ० | ०.० | १ | १००.० |
| ३ | ऊर्जा जलस्रोत तथा सिँचाइ | ६१ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ४ | खानेपानी | २६ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ५ | भौतिक पूर्वाधार तथा यातायात | ४७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | कुल | २१० | ३ | ० | ०.० | २ | ६६.७ | १ | ३३.३ |

(स्रोतःएकीकृत अनलाइन अनुगमन प्रणाली)

### ५.२.२ पूर्वाधार क्षेत्रको माइलस्टोनको प्रगति स्थिति

पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने कुल ११ वटा माइलस्टोन रहेकोमा कुनै मन्त्रालयको पनि माइलस्टोन सम्पन्न भएका छैनन्। शहरी विकास मन्त्रालयको शतप्रतिशत माइलस्टोन चालु अवस्थामा रहेको छ भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ४० प्रतिशत माइलस्टोन सुरू नभएको देखिन्छ।


तालिकाः १२- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र

| क.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | सम्पन्न हुनुपर्ने | असोज महिनासम्ममा सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शहरी विकास | ६३ | ३ | ० | ०.० | ३ | १००.० | ० | ०.० |
| २ | ऊर्जा जलस्रोत तथा सिँचाइ | १३७ | ३ | ० | ०.० | २ | ६६.७ | १ | ३३.३ |
| ३ | सञ्चार तथा सूचना प्रविधि | ४६ | ५ | ० | ०.० | ३ | ६०.० | २ | ४०.० |
| ४ | खानेपानी | ३६ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ५ | भौतिक पूर्वाधार तथा यातायात | ७७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | कुल | ३५९ | ११ | ० | ०.० | ८ | ७२.७ | ३ | २७.३ |

(स्रोतःएकीकृत अनलाइन अनुगमन प्रणाली)

पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने विगत वर्षको प्रगति स्थिति तुलना गर्दा आ.व. २०८१/०८२ मा सम्पन्न प्रतिशत ३९.३ रहेकोमा यस आ.व. मा उक्त प्रतिशत शून्य रहेको छ। चालु अवस्थामा रहेका र सुरु नभएका माइलस्टोनको प्रतिशत गत आ.व. को तुलनामा उल्लेख्य रूपमा बढेको देखिन्छ।

लेखाचित्रः १०- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थितिः पूर्वाधार क्षेत्र




पूर्वाधार क्षेत्र अन्तर्गतका असोज महिनासम्ममा सुरू हुनुपर्ने ९८ माइलस्टोनहरूमा ५३.१ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ४०.८ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेका र ६.१ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। तुलनात्मक रूपमा हेर्दा सबैभन्दा बढी खानेपानी मन्त्रालयको ८० प्रतिशत र सबैभन्दा कम शहरी विकास मन्त्रालयको ३५.३ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन्। शहरी विकास मन्त्रालयको सबैभन्दा बढी ४०.७ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेको देखिएको छ भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २२.२ प्रतिशत माइलस्टोन सुरू नै हुन नसकेको देखिन्छ।

तालिकाः १३- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | खानेपानी | १० | ० | ०.० | ८ | ८०.० | २ | २०.० | ० | ०.० |
| २ | सञ्चार तथा सूचना प्रविधि | ९ | ० | ०.० | ५ | ५५.६ | २ | २२.२ | २ | २२.२ |
| ३ | ऊर्जा जलस्रोत तथा सिंचाइ | ५४ | ० | ०.० | २९ | ५३.७ | २२ | ४०.७ | ३ | ५.६ |
| ४ | भौतिक पूर्वाधार तथा यातायात | ८ | ० | ०.० | ४ | ५०.० | ३ | ३७.५ | १ | १२.५ |
| ५ | शहरी विकास | १७ | ० | ०.० | ६ | ३५.३ | ११ | ६४.७ | ० | ०.० |
| | कुल | ९८ | ० | ०.० | ५२ | ५३.१ | ४० | ४०.८ | ६ | ६.१ |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

## ५.२.३ पूर्वाधार क्षेत्रको चालु अवस्थाका माईलस्टोनको प्रगति स्थिति

पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको असोज महिनासम्ममा सम्पन्न वा सुरु हुनुपर्ने १०९ वटा माइलस्टोनहरू मध्ये ४८ वटा माइलस्टोनहरू चालु अवस्थामा रहेका छन्। चालु अवस्थाका माइलस्टोनहरूलाई प्रगतिको आधारमा विभिन्न पाँच चरणहरूमा बाँडेर विश्लेषण गर्दा अधिकांश माइलस्टोनहरू (१८ वटा) २० प्रतिशतभन्दा कम प्रगति हासिल गरेको देखिन्छ। त्यसैगरी २० देखि ४० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ११ वटा, ४० देखि ६० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ५ वटा, ६० देखि ८० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ११ वटा र ८० प्रतिशत भन्दा माथि तर सम्पन्न वा लक्ष्य प्राप्त नभएका माइलस्टोनहरूको सङ्ख्या ३ वटा रहेको देखियो।

तालिकाः १४- चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति (संख्यामा): पूर्वाधार क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | सम्पन्न वा सुरु हुनुपर्ने | सम्पन्न/ लक्ष्य प्राप्त | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका | | | | | कार्यसुरु नभएका |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ० - २०% | २० - ४०% | ४० - ६०% | ६० - ८०% | ८०- ९९.९९% | |
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | ५७ | २९ | ६ | ६ | ४ | ६ | २ | ४ |
| २ | खानेपानी | १० | ८ | १ | ० | ० | १ | ० | ० |
| ३ | भौतिक पूर्वाधार तथा यातायात | ८ | ४ | १ | १ | ० | १ | ० | १ |
| ४ | शहरी विकास | २० | ६ | ६ | ४ | १ | २ | १ | ० |
| ५ | सञ्चार तथा सूचना प्रविधि | १४ | ५ | ४ | ० | ० | १ | ० | ४ |
| | जम्मा | १०९ | ५२ | १८ | ११ | ५ | ११ | ३ | ९ |

## ५.३ शासकीय सुधार क्षेत्रको प्रगति स्थिति

### ५.३.१ शासकीय सुधार क्षेत्रको क्रियाकलापको प्रगति स्थिति

यस शासकीय सुधार क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८२ असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने कुल १० वटा क्रियाकलापको अवस्था हेर्दा ४० प्रतिशत सम्पन्न, ३० प्रतिशत चालु अवस्थामा र ३० प्रतिशत क्रियाकलाप सुरू हुन नसकेको देखिन्छ। कानुन, न्याय तथा संसदीय मामिला, परराष्ट्र र रक्षा मन्त्रालय तथा राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, महालेखा नियन्त्रक कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र नेपाल ट्रष्टको कार्यालयको समीक्षा अवधिमा सम्पन्न हुनुपर्ने क्रियाकलाप नरहेको देखिएको छ।

तालिकाः १५- क्रियाकलापको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | गृह | २८ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | १८ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | राष्ट्रिय योजना आयोग | १५ | २ | १ | ५०.० | ० | ०.० | १ | ५०.० |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २० | ५ | १ | २०.० | ३ | ६०.० | १ | २०.० |
| ५ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८ | १ | ० | ०.० | ० | ०.० | १ | १००.० |
| ६ | कानुन, न्याय तथा संसदीय मामिला | १२ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ७ | परराष्ट्र | १४ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ८ | रक्षा | १४ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | ८ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १० | राष्ट्रिय तथ्याङ्क कार्यालय | १६ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ११ | महालेखा नियन्त्रक कार्यालय | ७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १२ | महान्यायाधिवक्ताको कार्यालय | ७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १३ | नेपाल ट्रष्टको कार्यालय | ५ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| कुल | | १७२ | १० | ४ | ४०.० | ३ | ३०.० | ३ | ३०.० |

(स्रोतःएकीकृत अनलाइन अनुगमन प्रणाली)

### ५.३.२ शासकीय सुधार क्षेत्रका माइलस्टोनको प्रगति स्थिति

शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने २१ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ४२.९ प्रतिशत सम्पन्न भएका, २८.६ प्रतिशत चालु

अवस्थामा रहेका र २८.६ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिन्छ। सम्पन्न हुनुपर्ने माइलस्टोनको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा गृह, परराष्ट्र र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको शतप्रतिशत सम्पन्न भएको देखिएको छ भने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयको शतप्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। राष्ट्रिय सतर्कता केन्द्र, महालेखा नियन्त्रक कार्यालय र महान्यायाधिवक्ताको कार्यालयको समीक्षा अवधिमा सम्पन्न हुनुपर्ने माइलस्टोन नभएको देखिएको छ।


तालिकाः १६- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | सम्पन्न हुनुपर्ने | असोज महिनासम्ममा सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | गृह | ३० | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | परराष्ट्र | २९ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २२ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | २९ | ३ | २ | ६६.७ | १ | ३३.३ | ० | ०.० |
| ५ | राष्ट्रिय योजना आयोग | २१ | २ | १ | ५०.० | ० | ०.० | १ | ५०.० |
| ६ | प्रधानमन्त्री तथा म.प.का. | ३२ | ७ | ३ | ४२.९ | ३ | ४२.९ | १ | १४.३ |
| ७ | रक्षा | ३० | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| ८ | नेपाल ट्रष्टको कार्यालय | ७ | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| ९ | कानुन, न्याय तथा संसदीय मामिला | २५ | १ | ० | ०.० | ० | ०.० | १ | १००.० |
| १० | सार्वजनिक खरिद अनुगमन कार्यालय | १९ | ३ | ० | ०.० | ० | ०.० | ३ | १००.० |
| ११ | राष्ट्रिय सतर्कता केन्द्र | ११ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १२ | महालेखा नियन्त्रक कार्यालय | १० | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १३ | महान्यायाधिवक्ताको कार्यालय | ७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | कुल | २७२ | २१ | ९ | ४२.९ | ६ | २८.६ | ६ | २८.६ |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

शासकीय सुधार क्षेत्रका मन्त्रालय/ निकायहरूको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने विगत वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा सम्पन्न प्रतिशत ६.४ अङ्कले घटेको, चालु अवस्थामा रहेका माइलस्टोनको प्रतिशत १५.१ अङ्कले घटेको र सुरु नभएका माइलस्टोन प्रतिशत २१.६ अङ्कले बढेको देखिएको छ।

लेखाचित्रः ११- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थितिः शासकीय सुधार क्षेत्र




शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय/ निकायहरूको असोज महिनासम्ममा सुरु हुनुपर्ने ८५ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ४९.४ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, २९.४ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेका र २१.२ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। तुलनात्मक रूपमा हेर्दा महान्यायाधिवक्ताको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय र तथ्याङ्क कार्यालयहरूको शतप्रतिशत माइलस्टोनले असोज महिनासम्ममा निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने तोकिएको लक्ष्य हासिल नभएको माइलस्टोन तर्फ सबैभन्दा बढी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र दुबैको ५० प्रतिशत देखिएको छ भने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको ७७.८ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। नेपाल ट्रष्टको कार्यालयको समीक्षा अवधिमा सुरु हुनुपर्ने माइलस्टोन नभएको देखिएको छ।

तालिकाः १७- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | महान्यायाधिवक्ता | ४ | ० | ०.० | ४ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | मलेनिका | १ | ० | ०.० | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | तथ्याङ्क कार्यालय | २ | ० | ०.० | २ | १००.० | ० | ०.० | ० | ०.० |
| ४ | रक्षा | १४ | ० | ०.० | ११ | ७८.६ | ३ | २१.४ | ० | ०.० |
| ५ | गृह | १२ | ० | ०.० | ७ | ५८.३ | ४ | ३३.३ | १ | ८.३ |
| ६ | परराष्ट्र | १२ | ० | ०.० | ७ | ५८.३ | ५ | ४१.७ | ० | ०.० |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | ६ | ० | ०.० | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |

| क.सं. | मन्त्रालय/निकाय | सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ८ | सतर्कता केन्द्र | ४ | ० | ०.० | २ | ५०.० | ० | ०.० | २ | ५०.० |
| ९ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद् | ९ | ० | ०.० | ३ | ३३.३ | ३ | ३३.३ | ३ | ३३.३ |
| १० | सार्वजनिक खरिद अनुगमन | ८ | ० | ०.० | २ | २५.० | ४ | ५०.० | २ | २५.० |
| ११ | कानून न्याय तथा संसदीय मामिला | ९ | ० | ०.० | ० | ०.० | २ | २२.२ | ७ | ७७.८ |
| १२ | योजना आयोग | ४ | ० | ०.० | ० | ०.० | १ | २५.० | ३ | ७५.० |
| १३ | ट्रष्टको कार्यालय | ० | ० | ०.० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | कुल | ८५ | ० | ०.० | ४२ | ४९.४ | २५ | २९.४ | १८ | २१.२ |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

## ५.३.३ शासकीय क्षेत्रको चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति

शासकीय क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको असोज महिनासम्ममा सम्पन्न वा सुरु हुनुपर्ने १०६ वटा माइलस्टोनहरू मध्ये ३१ वटा माइलस्टोनहरू चालु अवस्थामा रहेका छन्। चालु अवस्थाका माइलस्टोनहरूलाई प्रगतिको आधारमा विभिन्न पाँच चरणहरूमा बाँडेर विश्लेषण गर्दा अधिकांश माइलस्टोनहरू (१४ वटा) २० प्रतिशतभन्दा कम प्रगति हासिल गरेको देखिन्छ। त्यसैगरी २० देखि ४० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ३ वटा, ४० देखि ६० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ९ वटा, ६० देखि ८० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोन १ वटा र ८० प्रतिशत भन्दा माथि तर सम्पन्न वा लक्ष्य प्राप्त नभएका माइलस्टोनहरूको सङ्ख्या ४ वटा रहेको देखियो।

तालिकाः १८- चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति(संख्यामा): शासकीय क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | सम्पन्न वा सुरू हुनुपर्ने | सम्पन्न/लक्ष्य प्राप्त | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका | | | | | कार्यसुरू नभएका |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ० - २०% | २०- ४०% | ४०- ६०% | ६०- ८०% | ८० - ९९.९९% | |
| १ | प्र.म.का. | १६ | ६ | ४ | ० | १ | ० | १ | ४ |
| २ | कानून | १० | ० | ० | १ | १ | ० | ० | ८ |
| ३ | गृह | १३ | ८ | १ | ० | १ | १ | १ | १ |
| ४ | परराष्ट्र | १३ | ८ | ३ | ० | १ | ० | १ | ० |
| ५ | रक्षा | १५ | ११ | ० | ० | ३ | ० | १ | ० |
| ६ | सामान्य प्रशासन | ७ | ४ | ३ | ० | ० | ० | ० | ० |
| ७ | योजना आयोग | ६ | १ | ० | १ | ० | ० | ० | ४ |

| क्र.सं. | मन्त्रालय/निकाय | सम्पन्न वा सुरू हुनुपर्ने | सम्पन्न/लक्ष्य प्राप्त | चालु अवस्थामा रही लक्ष्य प्राप्त नभएका | | | | | कार्यसुरू नभएका |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ० - २०% | २०- ४०% | ४०- ६०% | ६०- ८०% | ८० - ९९.९९% | |
| ८ | नेपाल ट्रष्ट | १ | ० | १ | ० | ० | ० | ० | ० |
| ९ | तथ्याङ्क | ५ | ४ | १ | ० | ० | ० | ० | ० |
| १० | सतर्कता केन्द्र | ४ | २ | ० | ० | ० | ० | ० | २ |
| ११ | सार्वजनिक खरिद | ११ | २ | १ | १ | २ | ० | ० | ५ |
| १२ | महान्यायाधिवक्ता | ४ | ४ | ० | ० | ० | ० | ० | ० |
| १३ | महालेखा | १ | १ | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १०६ | ५१ | १४ | ३ | ९ | १ | ४ | २४ |

## ५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति

### ५.४.१ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८२ असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने ६ वटा क्रियाकलापको अवस्था हेर्दा १६.७ प्रतिशत सम्पन्न भएका, ६६.७ प्रतिशत चालु अवस्थामा रहेको र १६.७ प्रतिशत सुरू नभएको देखिन्छ। क्रियाकलापको सम्पादनको तुलनात्मक स्थिति हेर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको एउटा क्रियाकलाप सम्पन्न भएको देखिएको छ भने युवा तथा खेलकुद र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको २/२ वटा क्रियाकलाप चालु अवस्थामा रहेका र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको १ वटा क्रियाकलाप सुरू हुन सकेको देखिएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको समीक्षा अवधिमा सम्पन्न हुनुपर्ने क्रियाकलाप नरहेको देखिएको छ।

तालिकाः १९- क्रियाकलापको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | स्वास्थ्य तथा जनसङ्ख्या | २७ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १३ | १ | ० | ०.० | ० | ०.० | १ | १००.० |
| ३ | युवा तथा खेलकुद | १९ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| ४ | श्रम रोजगार तथा सामाजिक सुरक्षा | २१ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| ५ | शिक्षा विज्ञान तथा प्रविधि | ४८ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| कुल | | १२८ | ६ | १ | १६.७ | ४ | ६६.७ | १ | १६.७ |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

### ५.४.२ सामाजिक क्षेत्रका माइलस्टोनको प्रगति स्थिति

सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने १४ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा २८.६ प्रतिशत सम्पन्न भएका, ५७.१ प्रतिशत चालु अवस्थामा रहेका र १४.३ प्रतिशत माइलस्टोन सुरू हुन नसकेको देखिन्छ। सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको शतप्रतिशत माइलस्टोन सम्पन्न भएको देखिन्छ। त्यसैगरी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको शतप्रतिशत माइलस्टोन चालु अवस्थामा रहेको देखिन्छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ६६.७ प्रतिशत माइलस्टोन सुरू हुन नसकेको देखिन्छ।


### तालिकाः २०- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | सम्पन्न हुनुपर्ने | असोज महिनासम्ममा सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | स्वास्थ्य तथा जनसङ्ख्या | ४१ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १६ | ३ | १ | ३३.३ | ० | ०.० | २ | ६६.७ |
| ३ | शिक्षा विज्ञान तथा प्रविधि | ५७ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| ४ | युवा तथा खेलकुद | २६ | ५ | १ | २०.० | ४ | ८०.० | ० | ०.० |
| ५ | श्रम रोजगार तथा सामाजिक सुरक्षा | ३३ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| | कुल | १७३ | १४ | ४ | २८.६ | ८ | ५७.१ | २ | १४.३ |

(स्रोतःएकीकृत अनलाइन अनुगमन प्रणाली)

सामाजिक क्षेत्रका मन्त्रालयहरूको असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने विगत दुई वर्षको माइलस्टोनको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत ३.५ अङ्कले घटेको, चालु अवस्थामा रहेका माइलस्टोनको प्रतिशत ५.८ अङ्कले वढेको र कार्य सुरु नभएका माइलस्टोनको प्रतिशत २.४ अङ्कले घटेको देखिएको छ।

लेखाचित्रः १२- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थितिः सामाजिक क्षेत्र




सामाजिक क्षेत्र अन्तर्गतका असोज महिनासम्ममा सुरु हुनुपर्ने ५४ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ५० प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ४६.३ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेका र ३.७ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। तुलनात्मक रूपमा हेर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको शतप्रतिशत सम्पन्न रहेको, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ६१.५ प्रतिशत, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ५८.३ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयको ५०

प्रतिशत र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ३७.५ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेको देखिएको छ।

तालिकाः २१- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/निकाय | सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १ | ० | ०.० | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | स्वास्थ्य तथा जनसङ्ख्या | १३ | ० | ०.० | ८ | ६१.५ | ४ | ३०.८ | १ | ७.७ |
| ३ | शिक्षा विज्ञान तथा प्रविधि | १२ | ० | ०.० | ७ | ५८.३ | ५ | ४१.७ | ० | ०.० |
| ४ | युवा तथा खेलकुद | ४ | ० | ०.० | २ | ५०.० | २ | ५०.० | ० | ०.० |
| ५ | श्रम रोजगार तथा सामाजिक सुरक्षा | २४ | ० | ०.० | ९ | ३७.५ | १४ | ५८.३ | १ | ४.२ |
| कुल | | ५४ | ० | ०.० | २७ | ५०.० | २५ | ४६.३ | २ | ३.७ |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

## ५.४.३ सामाजिक क्षेत्रको चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति

शासकीय क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको असोज महिनासम्ममा सम्पन्न वा सुरु हुनुपर्ने ६८ वटा माइलस्टोनहरू मध्ये ३३ वटा माइलस्टोनहरू चालु अवस्थामा रहेका छन्। चालु अवस्थाका माइलस्टोनहरूलाई प्रगतिको आधारमा विभिन्न पाँच चरणहरूमा बाँडेर विश्लेषण गर्दा अधिकांश माइलस्टोनहरू (१९ वटा) २० प्रतिशतभन्दा कम प्रगति हासिल गरेको देखिन्छ। त्यसैगरी २० देखि ४० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ३ वटा, ४० देखि ६० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ३ वटा, ६० देखि ८० प्रतिशतसम्म प्रगति हासिल गरेका माइलस्टोनहरू ५ वटा र ८० प्रतिशत भन्दा माथि तर सम्पन्न वा लक्ष्य प्राप्त नभएका माइलस्टोनहरूको सङ्ख्या ३ वटा रहेको देखियो।

**तालिकाः २२- चालु अवस्थाका माइलस्टोनको प्रगति स्थिति (संख्यामा): सामाजिक क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | सम्पन्न वा सुरू हुनुपर्ने | सम्पन्न/ लक्ष्य प्रास | चालु अवस्थामा रही लक्ष्य प्रास नभएका | | | | | कार्यसुरू नभएका |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ० - २०% | २० - ४०% | ४० - ६०% | ६० - ८०% | ८० - ९९.९९% | |
| १ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ४ | २ | ० | ० | ० | ० | ० | २ |
| २ | युवा तथा खेलकुद | ९ | ३ | ४ | २ | ० | ० | ० | ० |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि | १५ | ८ | ४ | ० | ० | १ | २ | ० |
| ४ | श्रम रोजगार तथा सामाजिक सुरक्षा | २६ | ९ | ११ | १ | २ | १ | १ | १ |
| ५ | स्वास्थ्य तथा जनसंख्या | १४ | ९ | ० | ० | १ | ३ | ० | १ |
| | जम्मा | ६८ | ३१ | १९ | ३ | ३ | ५ | ३ | ४ |

## ६. मन्त्रालय/ निकायगत माइलस्टोनको असोज महिनाको प्रगति

आ.व. २०८२/०८३ का लागि निर्धारित कुल १,०८८ माइलस्टोनमध्ये असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने ६७ वटा माइलस्टोनको अवस्था विश्लेषण गर्दा २९.९ प्रतिशत माइलस्टोन सम्पन्न छन् भने चालु अवस्थामा रहेका माइलस्टोन ५२.२ प्रतिशत र सुरु नभएका माइलस्टोन प्रतिशत १७.९ रहेको छ। माइलस्टोन सम्पादनको स्थिति हेर्दा केही निकायको शतप्रतिशत माइलस्टोन सम्पन्न देखिन्छ। त्यसैगरी, ३५ वटा माइलस्टोन चालु अवस्थामा रहेका छन् भने १२ वटा माइलस्टोन सुरू हुन नसकेको देखिन्छ।

तालिकाः २३- असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगतिस्थिति

| क्र.सं. | निकाय | कुल माइलस्टोन | सम्पन्न हुनुपर्ने | असोजसम्म सम्पन्न हुनुपर्ने मध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि | २६ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | गृह | ३० | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | परराष्ट्र | २९ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ४ | संस्कृति | ३४ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| ५ | सामान्य प्रशासन | २२ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ६ | स्वास्थ्य | ४१ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ७ | तथ्याङ्क | २९ | ३ | २ | ६६.७ | १ | ३३.३ | ० | ०.० |
| ८ | योजना आयोग | २१ | २ | १ | ५०.० | ० | ०.० | १ | ५०.० |
| ९ | प्र.म.का. | ३२ | ७ | ३ | ४२.९ | ३ | ४२.९ | १ | १४.३ |
| १० | अर्थ | ५५ | ८ | ३ | ३७.५ | ४ | ५०.० | १ | १२.५ |
| ११ | शिक्षा | ५७ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| १२ | महिला | १६ | ३ | १ | ३३.३ | ० | ०.० | २ | ६६.७ |
| १३ | युवा | २६ | ५ | १ | २०.० | ४ | ८०.० | ० | ०.० |
| १४ | उद्योग | ४८ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| १५ | कानून | २५ | १ | ० | ०.० | ० | ०.० | १ | १००.० |
| १६ | कृषि | ५४ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १७ | शहरी | ६३ | ३ | ० | ०.० | ३ | १००.० | ० | ०.० |
| १८ | खानेपानी | ३६ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १९ | ऊर्जा | १३७ | ३ | ० | ०.० | २ | ६६.७ | १ | ३३.३ |
| २० | भौतिक | ७७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| २१ | रक्षा | ३० | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| २२ | वन | ३४ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| २३ | श्रम | ३३ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |

| क.सं. | निकाय | कुल माइलस्टोन | सम्पन्न हुनुपर्ने | असोजसम्म सम्पन्न हुनुपर्ने मध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २४ | सञ्चार | ४६ | ५ | ० | ०.० | ३ | ६०.० | २ | ४०.० |
| २५ | सार्वजनिक खरिद | १९ | ३ | ० | ०.० | ० | ०.० | ३ | १००.० |
| २६ | सतर्कता केन्द्र | ११ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| २७ | लगानी बोर्ड | ३३ | ७ | ० | ०.० | ७ | १००.० | ० | ०.० |
| २८ | मलेनिका | १० | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| २९ | महान्यायाधिवक्ता | ७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| ३० | नेपाल ट्रष्ट | ७ | १ | ० | ०.० | १ | १००.० | ० | ०.० |
| | कुल | १०८८ | ६७ | २० | २९.९ | ३५ | ५२.२ | १२ | १७.९ |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

सम्वत् २०८२ असोज महिनासम्ममा निश्चित लक्ष्य हासिल भई चालु अवस्थामा रहनुपर्ने ३२० वटा माइलस्टोनको अवस्था विश्लेषण गर्दा ५२.२ प्रतिशत माइलस्टोन लक्ष्य प्राप्त भएका छन् भने लक्ष्य प्राप्त नभएका माइलस्टोन ३७.८ प्रतिशत र सुरु नभएका माइलस्टोन प्रतिशत १० रहेको छ। माइलस्टोन सम्पादनको स्थिति हेर्दा केही निकायहरूको शतप्रतिशत लक्ष्य प्राप्त देखिन्छ। त्यसैगरी १२१ वटा माइलस्टोनले तोकिएको लक्ष्य हासिल गर्न नसकेको देखिएको छ ३२ वटा माइलस्टोन सुरू हुन नसकेको देखिएको छ।

**तालिकाः २४- असोज महिनासम्ममा सुरू हुनुपर्ने माइलस्टोनको प्रगतिस्थिति**

| क.सं. | निकाय | कुल माइलस्टोन | सुरू हुनुपर्ने | सुरू हुनुपर्ने माइलस्टोनमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य प्राप्त | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | महिला | १६ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | तथ्याङ्क | २९ | २ | २ | १००.० | ० | ०.० | ० | ०.० |
| ३ | मलेनिका | १० | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| ४ | महान्यायाधिवक्ता | ७ | ४ | ४ | १००.० | ० | ०.० | ० | ०.० |
| ५ | खानेपानी | ३६ | १० | ८ | ८०.० | २ | २०.० | ० | ०.० |
| ६ | रक्षा | ३० | १४ | ११ | ७८.६ | ३ | २१.४ | ० | ०.० |
| ७ | भूमि | २६ | ९ | ७ | ७७.८ | २ | २२.२ | ० | ०.० |
| ८ | संस्कृति | ३४ | १५ | १० | ६६.७ | ३ | २०.० | २ | १३.३ |
| ९ | कृषि | ५४ | २१ | १३ | ६१.९ | ८ | ३८.१ | ० | ०.० |
| १० | स्वास्थ्य | ४१ | १३ | ८ | ६१.५ | ४ | ३०.८ | १ | ७.७ |
| ११ | उद्योग | ४८ | १२ | ७ | ५८.३ | ४ | ३३.३ | १ | ८.३ |
| १२ | गृह | ३० | १२ | ७ | ५८.३ | ४ | ३३.३ | १ | ८.३ |
| १३ | परराष्ट्र | २९ | १२ | ७ | ५८.३ | ५ | ४१.७ | ० | ०.० |

| क.सं. | निकाय | कुल माइलस्टोन | सुरू हुनुपर्ने | सुरू हुनुपर्ने माइलस्टोनमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य प्राप्त | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १४ | शिक्षा | ५७ | १२ | ७ | ५८.३ | ५ | ४१.७ | ० | ०.० |
| १५ | सञ्चार | ४६ | ९ | ५ | ५५.६ | २ | २२.२ | २ | २२.२ |
| १६ | ऊर्जा | १३७ | ५४ | २९ | ५३.७ | २२ | ४०.७ | ३ | ५.६ |
| १७ | भौतिक | ७७ | ८ | ४ | ५०.० | ३ | ३७.५ | १ | १२.५ |
| १८ | युवा | २६ | ४ | २ | ५०.० | २ | ५०.० | ० | ०.० |
| १९ | सामान्य प्रशासन | २२ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| २० | सतर्कता केन्द्र | ११ | ४ | २ | ५०.० | ० | ०.० | २ | ५०.० |
| २१ | लगानी बोर्ड | ३३ | ६ | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| २२ | वन | ३४ | १२ | ५ | ४१.७ | ४ | ३३.३ | ३ | २५.० |
| २३ | श्रम | ३३ | २४ | ९ | ३७.५ | १४ | ५८.३ | १ | ४.२ |
| २४ | शहरी | ६३ | १७ | ६ | ३५.३ | ११ | ६४.७ | ० | ०.० |
| २५ | प्र.म.का. | ३२ | ९ | ३ | ३३.३ | ३ | ३३.३ | ३ | ३३.३ |
| २६ | सार्वजनिक खरिद | १९ | ८ | २ | २५.० | ४ | ५०.० | २ | २५.० |
| २७ | अर्थ | ५५ | ८ | १ | १२.५ | ७ | ८७.५ | ० | ०.० |
| २८ | कानून | २५ | ९ | ० | ०.० | २ | २२.२ | ७ | ७७.८ |
| २९ | योजना आयोग | २१ | ४ | ० | ०.० | १ | २५.० | ३ | ७५.० |
| ३० | नेपाल ट्रष्ट | ७ | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| | कुल | १०८८ | ३२० | १६७ | ५२.२ | १२१ | ३७.८ | ३२ | १०.० |

## ७. समस्या र कारणहरूको विश्लेषण

- २०८२ असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने ६७ वटा र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहनुपर्ने ३२० वटा माइलस्टोन गरी जम्मा ३८७ माइलस्टोनको विषयानुसार अवस्था अध्ययन गर्दा वातावरणीय अध्ययनसँग सम्वन्धित शतप्रतिशत, निर्माण/खरिद कार्यसँग सम्वन्धित ५९.१ प्रतिशत र कार्यक्रम सञ्चालनसँग सम्वन्धित ४७.७ प्रतिशत माइलस्टोन सम्पन्न भएको वा समीक्षा अवधिसम्मका लागि तोकिएको लक्ष्य प्राप्त गरेको देखिएको छ भने खरिद प्रक्रियासँग सम्वन्धित २७.३ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

**तालिकाः २५- निर्धारित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको विषय**

| क.सं. | माइलस्टोनको विषय | कुल माइलस्टोन | सम्पन्नवा लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | वातावरणीय अध्ययन | ३ | ३ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | निर्माण/खरिद कार्य | ११५ | ६८ | ५९.१ | ३९ | ३३.९ | ८ | ७.० |
| ३ | कार्यक्रम सञ्चालन | २१४ | १०२ | ४७.७ | ८३ | ३८.८ | २९ | १३.६ |
| ४ | लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार | ५ | २ | ४०.० | ३ | ६०.० | ० | ०.० |
| ५ | सम्भाव्यता अध्ययन | ५ | २ | ४०.० | २ | ४०.० | १ | २०.० |
| ६ | कानूनी तयारी | २१ | ६ | २८.६ | १३ | ६१.९ | २ | ९.५ |
| ७ | खरिद प्रक्रिया | ११ | २ | १८.२ | ६ | ५४.५ | ३ | २७.३ |
| ८ | जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | १३ | २ | १५.४ | १० | ७६.९ | १ | ७.७ |
| कुल | | ३८७ | १८७ | ४८.३ | १५६ | ४०.३ | ४४ | ११.४ |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

- संवत् २०८२ असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने ६७ वटा माइलस्टोनमध्ये चालु अवस्थामा रहेका ३५ वटा र सुरु हुन नसकेका १२ वटा; असोज महिनासम्ममा निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहनुपर्ने ३२० वटा माइलस्टोनमध्ये लक्ष्य प्राप्ति नभएका १२१ वटा र सुरु हुन नसकेका ३२ वटा गरी जम्मा २०० वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसकेको देखिन्छ। मन्त्रालय/निकायहरूले निश्चित लक्ष्य हासिल गर्न नसकेका उक्त २०० वटा माइलस्टोनलाई विषयअनुसार वर्गीकरण गर्दा कार्यक्रम सञ्चालनसँग सम्वन्धित ५६ प्रतिशत, निर्माण/खरिद कार्यसँग सम्वन्धित २३.५ प्रतिशत, कानुनी तयारीसँग सम्वन्धित ७.५ प्रतिशत र खरिद प्रक्रियासँग सम्वन्धित ४.५ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखियो।

## तालिकाः २६- निर्धारित लक्ष्य प्राप्त नभएका माइलस्टोनका विषय

| क.सं. | माइलस्टोनका विषय | माइल्स्टोन संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कार्यक्रम सञ्चालन | ११२ | ५६ |
| २ | निर्माण/खरिद कार्य | ४७ | २३.५ |
| ३ | कानूनी तयारी | १५ | ७.५ |
| ४ | जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | ११ | ५.५ |
| ५ | खरिद प्रक्रिया | ९ | ४.५ |
| ६ | लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार | ३ | १.५ |
| ७ | सम्भाव्यता अध्ययन | ३ | १.५ |
| | कुल | २०० | १००.० |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

- सम्बन्धित मन्त्रालय/निकायहरूले दर्शाएका २०० वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्याहरू तल तालिकामा देखाइएको छ।

## तालिकाः २७- लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्या

| क.सं. | लक्ष्य प्राप्त हुन नसक्नुका कारण/समस्या | माइल्स्टोन संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लक्ष्य उन्मुख रहेको | १३३ | ६६.५ |
| २ | विपद | २१ | १०.५ |
| ३ | कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको | १७ | ८.५ |
| ४ | बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको | ११ | ५.५ |
| ५ | अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति | ६ | ३ |
| ६ | स्थान छनोट / जग्गा प्राप्ति नभएको | २ | १ |
| ७ | कानुन तर्जुमा / संशोधन हुन नसकेको | १ | ०.५ |
| ८ | जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन | १ | ०.५ |
| ९ | निर्माण सामग्रीको अभाव | १ | ०.५ |
| १० | विवाद तथा प्रक्रियागत जटिलता | १ | ०.५ |
| ११ | अन्य | ६ | ३ |
| | कुल | २०० | १०० |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

- माइलस्टोनले लक्ष्य हासिल गर्न नसक्नुका कारण/समस्याहरू निकायगत रूपमा देहाय बमोजिम रहेका छन्–

| क.सं. | मन्त्रालय/निकाय | निर्धारित लक्ष्य प्राप्त हुन नसक्नुका कारणहरू* | | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १ | प्र.म. तथा म.प.का. | २ | | ७ | | | | | १ | | | | १० |
| २ | अर्थ | ८ | | ४ | | | | | | | | | १२ |
| ३ | उद्योग | ६ | १ | | | | | | | | | | ७ |
| ४ | ऊर्जा | १९ | ५ | | १ | २ | १ | | | | | | २८ |
| ५ | कानुन | १० | | | | | | | | | | | १० |
| ६ | कृषि | ८ | | | | | | | | | | | ८ |
| ७ | खानेपानी | | | | | | | | | | | २ | २ |
| ८ | गृह | २ | २ | | | | | १ | | | | | ५ |
| ९ | परराष्ट्र | ४ | १ | | | | | | | | | | ५ |
| १० | भूमि | २ | | | | | | | | | | | २ |
| ११ | भौतिक | ४ | | | | | | | | | | | ४ |
| १२ | महिला | २ | | | | | | | | | | | २ |
| १३ | युवा | ३ | | | १ | | १ | | | | १ | | ६ |
| १४ | रक्षा | ३ | | | १ | | | | | | | | ४ |
| १५ | वन | ४ | | | ३ | | | | | | | | ७ |
| १६ | शिक्षा | ३ | | ३ | १ | | | | | | | | ७ |
| १७ | श्रम | १६ | | | १ | | | | | | | | १७ |
| १८ | संस्कृति | १ | १ | | २ | | | | | १ | | | ५ |
| १९ | सङ्घीय मामिला | ३ | | | | | | | | | | | ३ |
| २० | सञ्चार | ५ | | २ | | २ | | | | | | | ९ |
| २१ | शहरी | ७ | | | १ | २ | | | | | | ४ | १४ |
| २२ | स्वास्थ्य | ४ | १ | | | | | | | | | | ५ |
| २३ | योजना आयोग | ५ | | | | | | | | | | | ५ |
| २४ | तथ्याङ्क कार्यालय | १ | | | | | | | | | | | १ |
| २५ | सतर्कता केन्द्र | | २ | | | | | | | | | | २ |
| २६ | सार्वजनिक खरिद | ९ | | | | | | | | | | | ९ |
| २७ | लगानी बोर्ड | २ | ८ | | | | | | | | | | १० |
| २८ | नेपाल ट्रष्ट | | | १ | | | | | | | | | १ |
| २९ | महालेखा | | | | | | | | | | | | ० |
| ३० | महान्यायाधिवक्ता | | | | | | | | | | | | ० |
| | कुल जम्मा | १३३ | २१ | १७ | ११ | ६ | २ | १ | १ | १ | १ | ६ | २०० |

(स्रोत:एकीकृत अनलाइन अनुगमन प्रणाली)

१.लक्ष्य उन्मुख रहेको २.विपद ३.कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको ४.बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको ५.अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति ६.स्थान छनोट / जग्गा प्राप्ति नभएको ७.कानुन तर्जुमा / संशोधन हुन नसकेको ८.जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन ९.निर्माण सामग्रीको अभाव १०.विवाद तथा प्रक्रियागत जटिलता ११.अन्य

- माथिको तालिका विश्लेषण गर्दा लक्ष्य उन्मुख रहेका माइलस्टोन १३३ वटा रहेका छन्। लक्ष्य प्राप्त हुन नसक्नुका प्रमुख कारणहरूमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण २१ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न सकेका छैनन्। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नुको कारणले १७ वटा माइलस्टोन प्रभावित देखिएका छन्। अध्ययन तथा अनुसन्धानमा विलम्ब, स्पेशिफिकेशन र लागत अनुमान तयारीमा विलम्ब, नतोकिएको कार्यमा व्यस्त हुनु परेको जस्ता पूर्वतयारीका कार्यहरू समयमा सम्पन्न हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्।

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो। तर पनि सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनमध्ये ११ वटा माइलस्टोन पर्याप्त बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट प्रभावित भएको देखिएको छ। स्रोत अनुमान वास्तविकको नजिक नहुँदा बजेट तर्जुमाका बखत विभिन्न कार्यक्रममा विनियोजन गरिएको रकम कार्यान्वयन चरणमा रोक्का राखी सञ्चित कोष व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना भएको छ। जसले गर्दा समेत माइलस्टोनहरू प्रभावित भएका छन्।

- कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ। राय सहमति प्राप्तिमा ढिलाइ, समन्वयको अभाव, अन्तर तह/मन्त्रालय/निकाय समन्वय र स्वीकृतिमा विलम्ब हुँदा ६ वटा माइलस्टोन प्रभावित भएका छन्।

- स्थान छनोट/जग्गा प्राप्ति नभएका कारण २ वटा, कानुन तर्जुमा/संशोधन हुन नसकेको १ वटा, कर्मचारीको अभाव हुनु, नेतृत्व परिवर्तन हुनु जस्ता कारणबाट १ वटा, निर्माण सामग्रीको अभावका कारण १ वटा र विवाद तथा प्रक्रियागत जटिलताका कारण १ वटा माइलस्टोनले तोकिएको लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- माइलस्टोनको लक्ष्य प्राप्त हुन नसक्नुमा अन्य कारण उल्लेख भएका माइलस्टोनको संख्या ६ वटा रहेको छ। जसमध्ये निर्माण व्यवसायी/परामर्शदाताबाट भएको ढिलाइका कारण माइलस्टोन प्रभावित भएको छ।

## ८. सुझावहरू

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट, मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

- आर्थिक वर्षको प्रारम्भमा नै वार्षिक खरिद योजना बनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गरी बोलपत्र आह्वान गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्ने, अध्ययन तथा अनुसन्धान जस्ता पूर्वतयारीका कार्यहरू समयमा नै सम्पन्न गर्नुपर्दछ। तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्नाले पछाडि कार्यबोझ थपिने हुँदा त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमा नै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, स्थान छनोट र जग्गा प्राप्ति जस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

- विकासको गति र संस्कार सुधारका लागि तयार गरिएको आयोजना तर्जुमा खाकालाई आयोजनाका सम्पूर्ण चक्रहरू (आयोजनाको पहिचान, अध्ययन तथा विश्लेषण, छनौट, विस्तृत आयोजना प्रतिवेदन तयारी, कार्यान्वयन र सञ्चालन, उपयोग तथा मर्मत सम्भार) मा पूर्ण अवलम्वन गर्नुपर्दछ।

- बजेटमा घोषणा भएको विषयमा सम्वन्धित निकायले आवश्यक स्रोतको व्यवस्था गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न स्रोतको पूर्व मूल्याङ्कन गरेर मात्र कार्यक्रम कार्यान्वयनमा लैजान उपयुक्त हुन्छ।

- स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा सर्वप्रथम अनिवार्य दायित्वको रकम भुक्तानी गर्न र विकास सहायताका कार्यक्रम तथा मुख्य प्रभाव पार्ने क्रमागत कार्यक्रमका लागि आवश्यक रकम छुट्याउनुपर्दछ। त्यसपछि मात्र नयाँ प्रस्ताव गरिएको प्राथमिकता प्राप्त आयोजना कार्यक्रममा रकम विनियोजन गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन,

रकमान्तर, बजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन कायम गर्दै निरन्तर सुधार गर्नुपर्दछ।

- बजेट तर्जुमाका बखत गरिएको स्रोत अनुमान वास्तविकका नजिक नबन्दा कार्यान्वयनको चरणमा विभिन्न कार्यक्रममा राखिएको रकम रोक्का राखी कोष व्यवस्थापन गर्नु पर्ने अवस्था आउन नदिन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले स्रोत अनुमान वास्तविकको नजिक हुने गरी गर्नुपर्दछ।

- वर्षात् वा महामारीको समयमासमेत आयोजना/कार्यक्रम स्थलमा नगई कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापको आधारभूत विषयहरू आर्थिक वर्षको सुरुका महिनामै सम्पन्न गरी स्थलगत रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ।

- आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, खरिद/निर्माण सम्बन्धी कानुनी व्यवस्थालाई व्यवहारिक बनाउने, छनोट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरिएमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

- मन्त्रालय तथा निकायहरूमा प्रगति विवरण प्रविष्टि कार्यमा संलग्न कर्मचारीको सरूवा हुँदासमेत प्रविष्टि गर्ने कार्यमा त्रुटी भएको देखिन्छ। यस सन्दर्भमा प्रगति विवरण प्रविष्टि कार्यमा संलग्न कर्मचारीको सरूवा हुँदा प्रविष्टिसम्बन्धी ज्ञान हस्तान्तरण हुनेतर्फ मन्त्रालय/निकायले आवश्यक ध्यान दिनुपर्दछ।

- अन्तरतह/मन्त्रालय/निकायसँगको समन्वय प्रभावकारी नहुँदा लक्षित उपलब्धि हासिल हुन नसकेको देखिन्छ। सम्बन्धित निकायबाट माग गरिएका राय सहमति आदि समयमै प्राप्त नहुनु, स्वीकृत/संशोधन हुनुपर्ने विषयहरू समयमै नहुनु, अन्य निकायबाट सहमति प्राप्त नहुने आदि कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएकोले प्रचलित ऐन/कानुनमा व्यवस्था भएका समन्वयकारी संयन्त्रलाई थप क्रियाशील गराउने र समन्वयको तहगत व्यवस्था गरी अन्तरतह एवं अन्तरनिकाय समन्वय प्रभावकारी बनाईनु पर्दछ।

- स्थान छनोट तथा जग्गा प्राप्ति मा देखिएका प्रक्रियागत ढिलाइका कारण माइलस्टोन प्रभावित भएका छन्। यस्तो समस्या विगतदेखि नै दोहोरिरहेको अवस्था छ। आयोजना

छनोट गर्दा स्थानको समेत निक्यौल नगरी आयोजना छनोट हुने गरेकोले विकास व्यवस्थापनको अत्यन्त कमजोर अवस्थालाई दर्शाउँछ।

- मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाइ रहने र संस्थागत अभिलेखसमेत रहन्छ।

- आयोजना/कार्यक्रम कार्यान्वयनमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्या समाधानको पहल गर्नुपर्दछ।

- सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानुनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ।

- कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।